# Telecom. Newsletter

"राष्ट्र निर्माण हाम्रो लक्ष्य"

नेपाल दूरसञ्चार कं. लि., केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


**Volume 8, Issue 1, No. 43 Nepal Telecom (Nepal Doorsanchar Co. Ltd.) Bi-monthly, Bhadra-Asoj, 2065 (Sept. 2008)**


## यस वर्ष टेलिफोन ग्राहक संख्या ५४ लाख पुऱ्याइने

नेपाल टेलिकमले आर्थिक वर्ष २०६५/०६६ अर्थात आगामी असार मसान्त सम्ममा टेलिफोन लाइनको कुल ग्राहक संख्या करिब ५४ लाख ६७ हजार पुऱ्याउने लक्ष्य सहित आफ्ना कार्यक्रमहरुलाई तिव्रताकासाथ अगाडि बढाइरहेको छ।

त्यस्तैगरी डाटा सेवातर्फ विभिन्न प्रविधि मार्फत इन्टरनेट ग्राहक संख्या करिब ७३ हजार ५ सय पुऱ्याउने लक्ष्यका साथ कार्यक्रमहरु अघि बढाइएको छ।

नेपाल टेलिकमले यस आर्थिक वर्ष २०६५/०६६ मा PSTN टेलिफोनतर्फ करिब ७० हजार, GSM मोवाइलतर्फ करिब २० लाख २६ हजार, र CDMA तर्फ ४ लाख ६२ हजार लाइन टेलिफोन वितरण गर्ने लक्ष लिएको छ। त्यस्तैगरी यस आर्थिक वर्षमा करिब २३ हजार ४ सय लाइन ADSL र करिब ६ हजार लाइन Internet वितरण गर्ने लक्ष्य राखेको छ।

मुलुकको कुना काप्चासम्म सरल र सुलभ रुपमा गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गरी कम्पनीलाई राष्ट्रको एउटा स्तरीय सेवा दिने अग्रणी व्यावसायिक संस्थाका रुपमा कायम राख्ने नेपाल टेलिकमको उद्देश्य बमोजिम सो उद्देश्य परिपूर्तिका लागि कम्पनीले एघारौं त्रिवर्षीय योजना २०६४/०६५ देखि आर्थिक वर्ष २०६६/०६७ सम्ममा पूरा गर्ने गरी विभिन्न लक्ष्यहरु निर्धारण गरेको छ।

सो योजना अनुसार आर्थिक वर्ष २०६६/०६७ सम्ममा प्रति सय व्यक्ति करिब २४ लाइन टेलिफोन घनत्व पुऱ्याउने लक्ष्य राखिएको छ।

बाँकी २ पेजमा

## नेपाल टेलिकमको सेयर स्टक एक्सचेन्जमा सूचिकृत

नेपाल टेलिकमको १५ करोड कित्ता सेयर गत श्रावण ३० गते देखि स्टक एक्सचेन्जमा सूचिकृत भई कारोवार शुरु भएको छ।

सेयर सूचिकरण सम्झौता पत्रमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक रुपक हाल्दर र स्टक एक्सचेन्जका महाप्रबन्धक रेवत बहादुर कार्कीले एक कार्यक्रमका बीच हस्ताक्षर गर्नुभयो।





**सम्झौताको क्षण: प्रबन्ध निर्देशक रुपक हाल्दर (दाँया) र महाप्रबन्धक रेवत बहादुर कार्की**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र नेपाल स्टक एक्सचेन्ज लिमिटेड बीच प्रति सेयर अंकित तथा चुक्ता मूल्य रु १००/- कायम भएको रु १५ अर्ब बराबरको १५ करोड कित्ता साधारण सेयर सूचिकरण गर्ने सम्झौता भएको हो। नेपाल टेलिकमको सेयर सूचिकरण नेपालको सेयर बजारमा हालसम्मकै सबैभन्दा ठुलो रकमको सेयर सूचिकरण हो।

नेपाल टेलिकमले सर्वसाधारण समक्ष नागरिक लगानी कोष मार्फत ७५ लाख कित्ता (कुल सेयर कित्ताको ५ प्रतिशत) खुल्ला

बाँकी २ पेजमा

## प्रिपेड मोबाइल अन डिमाण्ड वितरण शुरु

नेपाल टेलिकमले यही श्रावण २० गते देखि काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गतका सबै कार्यालयहरुबाट प्रिपेड मोबाइल सेवाको सिमकार्ड अन डिमाण्ड (On Demand) रुपमा वितरण गर्न शुरु गरेको छ। नेपाल टेलिकमका सेवाहरुप्रति उपभोक्ताहरुको निरन्तर आकर्षण बढिरहेकाले नेपाल टेलिकमले आफ्ना सेवाहरुको विस्तार तथा वितरणमा तिव्रता दिएको हो।

नेपाल टेलिकमको GSM Mobile सेवाको ३५ लाख लाइनको बृहत कार्यक्रम अन्तर्गतका उपकरणहरुको जडान कार्य शुरु भईसकेकाले काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गतका क्षेत्रमा अन डिमाण्ड रुपमा प्रिपेड मोबाइल लाइन वितरण गर्न सफलता मिलेको हो। यस अनुसार यस निर्देशनालय अन्तर्गतका चरिकोट, चौतारा, धादिङ, रसुवा, नुवाकोट, बनेपाका दूरसञ्चार कार्यालयलगायत काठमाडौं उपत्यकाका सबै दूरसञ्चार कार्यालयबाट जिएसएम मोबाइल सेवाको नमस्ते प्रिपेड सिमकार्ड माग हुनासाथ पाउने व्यवस्था गरिएको छ। उपभोक्ताले नागरिकताको फोटो कपी, एकप्रति पासपोर्ट साइजको फोटो र रु. ११३५ सहित दूरसञ्चार कार्यालयमा उलब्ध एक प्रति फारम भरेर सम्बन्धित शाखामा सम्पर्क गर्नासाथ प्रिपेडको सिम उपलब्ध गराउने व्यवस्था गरिएको छ।

सिमकार्ड वितरण सँगै बिटिएस लागायतका उपकरणहरुको जडान कार्यलाई पनि निरन्तरता दिई मोबाइल सेवाको गुणस्तरलाई पनि अझ सुधार गर्दै लगिएको छ।

भविष्यमा काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गत बाहेक अन्य क्षेत्रका कार्यालयहरुबाट पनि क्रमशः नेपाल टेलिकमका सेवाहरु अन डिमाण्ड रुपमा वितरण गर्दै जाने लक्ष्य रहेको छ।

## नेपाल टेलिकम : सबैभन्दा बढी राजस्व बुझाउने संस्था

नेपाल सरकारको पूर्ण तथा अधिकांश स्वामित्वमा रहेका ३६ वटा सार्वजनिक संस्थानहरु मध्ये नेपाल टेलिकमले सबैभन्दा बढी मुनाफा आर्जन गरी राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ। नेपाल सरकार, अर्थमन्त्रालयको प्रतिबेदन अनुसार नेपाल सरकारको पूर्ण तथा अधिकांश स्वामित्वमा रहेका ३६ वटा सार्वजनिक संस्थानहरुको समष्टिगत आर्थिक स्थिति हेर्दा आर्थिक वर्ष २०६३/०६४ मा २२ वटा संस्थानहरुले मुनाफा आर्जन गरेका छन् भने १४ वटा संस्थानहरु घाटामा रहेका छन्।

सरकारको स्वामित्वमा रहेका ३६ वटा सार्वजनिक संस्थानहरुको आर्थिक वर्ष २०६३/०६४ मा खुद मुनाफा रु ७ अर्ब ९६ करोड छ। यस मध्ये नेपाल टेलिकमले मात्रै रु. ५ अर्ब ९८ करोड (लेखा परीक्षण पछि ५.६५ अर्ब) मुनाफा गरी समग्रमा खुद मुनाफा बढाउन योगदान पुऱ्याएको छ। यस बाहेक कृषि विकास बैंकले रु. १ अर्ब ५ करोड मुनाफा गरेको उल्लेख छ।

सरकारको स्वामित्वमा रहेका ३६ वटा सार्वजनिक संस्थानहरु मध्ये नेपाल टेलिकमको खुद सम्पत्ति पनि उल्लेख्य रुपमा वृद्धि भएको अर्थमन्त्रालयको प्रतिबेदनमा उल्लेख छ। सो प्रतिबेदन अनुसार सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरुको खुद सम्पत्ति

बाँकी २ पेजमा

## शुभकामना



नेपाल टेलिकम काठमाडौं क्षेत्रीय निर्देशनालयद्वारा नियमित रुपमा प्रकाशित भइरहेको Telecom News Letter आठौं वर्षमा प्रवेश गरी यस अंकदेखि केन्द्रीय कार्यालयबाट प्रकाशित हुन थालेकोमा मलाई खुसी लागेको छ। विभिन्न निर्देशनालयहरुबाट छुट्टा छुट्टै रुपमा यस्ता प्रकाशनहरु गर्नु भन्दा सबै विभाग, निर्देशनालय तथा कार्यालयका सूचनामूलक सामाग्रीहरुलाई एकीकृत रुपमा केन्द्रीय स्तरबाट प्रकाशित गरी प्रभावकारी वितरणको व्यवस्था मिलाउनु बढी औचित्यपूर्ण हुन्छ। यस्ता प्रकाशनहरुले नेपाल टेलिकमका सेवा र गतिविधि सम्बन्धमा उपभोक्ताहरुलाई सुसूचित गराउन सघाऊ पुऱ्याउने मैले विश्वास लिएको छु।

वर्तमान प्रतिस्पर्धात्मक दूरसञ्चार बजारमा आफ्ना सेवाहरुका बारेमा उपभोक्ता वर्गलाई बढीभन्दा बढी जानकारीहरु प्रवाह गरी सेवाको उपयोगबाट अधिकतम लाभ लिन ग्राहकहरुलाई प्रेरित गर्न आवस्यक छ। यस News Letter ले नेपाल टेलिकमका महत्वपूर्ण गतिविधि र सेवाहरुका सम्बन्धमा उपभोक्ता वर्ग, सेयरहोल्डरलगायत कर्मचारीहरुलाईसमेत उपयोगी जानकारी प्रवाह गरी सुसूचित गराउन सक्नुपर्छ।

नेपाल टेलिकमका विभिन्न विभाग, निर्देशनालय तथा कार्यालयहरुमा भएका महत्वपूर्ण गतिविधि, प्रगति, नयाँ योजनाहरुलगायत उपभोक्ता तथा सरोकारवालाहरुलाई अवगत गराउनु पर्ने महत्वपूर्ण जानकारीहरु केन्द्रीय कार्यालयस्थित सूचना तथा प्रकाशन शाखामा प्रेसित गरी सूचना सम्प्रेषणको कार्यलाई प्रभावकारी बनाउन सबैले सहयोग पुऱ्याउने अपेक्षा गरेको छु। यस News Letter को प्रकाशनको सफलताको लागि शुभकामना व्यक्त गर्दछु।

**रुपक हाल्दर**, प्रबन्ध निर्देशक, नेपाल टेलिकम

## सभासद्ज्यूहरूमा अनुरोध

नयाँ नेपाल निर्माणमा अहं भूमिका निर्वाह गरिरहनुभएका माननीय सभासद्ज्यूहरुले नेपाल टेलिकमको सेवा उपयोग गरिरहनुभएकोमा नेपाल टेलिकम हार्दिक आभार प्रकट गर्दछ।

नेपाल टेलिकमले PSTN, CDMA, GSM, V-SAT जस्ता उपयुक्त प्रविधिबाट मुलकभर टेलिफोन सेवा वितरण गरिरहेको विदितै छ। यसबाहेक नेपाल टेलिकमले शहर देखि ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा पनि विभिन्न किसिमका दूरसञ्चार सेवामा सर्वसाधारण जनताहरुको सहज तथा सुलभ पहुँच पुऱ्याउन यथासक्य प्रयत्न गरिरहेको जानकारी गराउन पाउदा हामीलाइ हर्ष लागेको छ।

मुलुकका विद्यमान विभिन्न संस्थाहरु मध्ये सबैभन्दा बढी नाफा आर्जन गरी सरकारलाई मुनाफा तथा राजस्व बुझाई राष्ट्रिय अर्थतन्त्रमासमेत उल्लेखनीय योगदान पुऱ्याइरहेको यस नेपाल टेलिकमका सेवाहरु अझ प्रभावकारी रुपमा वितरण गरी सर्वसाधारण जनतामा सूचना तथा सञ्चार सेवाको पहुँचमा वृद्धि गर्ने र दूरसञ्चार सेवाका भौतिक पूर्वाधारहरुको संरक्षण गर्ने कार्यमा आफ्ना अमूल्य सुझावहरु दिई सहयोग गरिदिन हुन विनम्रता पूर्वक हार्दिक अनुरोध गर्दछौं।

**थप जानकारी तथा सूचनाका लागी**


नेपाल टेलिकम, व्यापार व्यवस्थापन विभाग
सूचना तथा प्रकाशन शाखा,
दूरसञ्चार भवन, भद्रकाली, प्लाजा
फोन नं : ४२१००२४, ४२१००४२
फ्याक्स नं : ४२१०००४
email : ntc.news@ntc.net.np






# सम्पादकीय

मुलुकको सामाजिक, सांस्कृतिक एवम् आर्थिक विकासका लागि दूरसञ्चार सेवाको महत्वपूर्ण उत्प्रेरकको भूमिका रहने बास्तविकतालाई आत्मसात गर्दै नेपाल टेलिकमले उपयुक्त तथा अत्याधुनिक प्रविधि अंगालेर मुलुकभर दूरसञ्चार सेवा प्रवाह गर्ने गहन जिम्मेवारी निर्वाह गर्दै आएको छ। दूरसञ्चार सेवाको पहुँच बढी प्रतिफल प्राप्त हुने शहरी क्षेत्रमा मात्र सिमित नगरी मुलुकको विकट ग्रामीण क्षेत्रहरुमासमेत सेवा बिस्तार गरी डिजिटल डिभाइडलाई न्यूनिकरण गर्न प्रयासरत छ। गत असार मसान्त सम्ममा नेपाल टेलिकमका सेवा प्रयोग गर्ने ग्राहकको संख्या २७ लाख नाघिसकेको छ। आगामी २०६६ असार मसान्तसम्ममा नेपाल टेलिकमले आफ्ना ग्राहक संख्या ५४ लाख पुऱ्याउने लक्ष्य निर्धारण गरी कार्यान्वयन पक्षलाई तिब्रता दिएको छ।

विद्यमान प्रतिस्पर्धात्मक दूरसञ्चार बजारमा कम्पनीले आफ्नो बजार अग्रणी कायम राख्न विश्वसनीय, गुणस्तरीय एवं मूल्य प्रभावकारी सेवा प्रदान गर्दै मुलुकको दिगो आर्थिक विकासका लागि भरपर्दो साझेदारको रुपमा स्थापित हुन प्रतिबद्ध छ।

एक्काईसौं शताब्दीमा दूरसञ्चार सेवा एउटा आधारभूत एवं अपरिहार्य सेवा भइसकेको परिप्रेक्ष्यमा मुलुकको दूरसञ्चार क्षेत्रको विकास गर्न यस कम्पनीबाट भइरहेका विभिन्न पहल तथा क्रियाकलापहरुबारे उपभोक्ता वर्गमा सुसूचित गर्न र कम्पनीको सेवा सम्बन्धमा उपभोक्ता वर्ग तथा सञ्चारमाध्यमबाट राखिएका जिज्ञासाहरुलाई प्रभावकारी रुपले सम्बोधन गर्न यो न्युजलेटर सहयोगी हुने अपेक्षा गर्दछौं।

पाठक वर्गबाट प्राप्त भएका सुझावहरुको आधारमा यो न्युजलेटरलाई आउँदा दिनहरुमा परिष्कृत गर्दै लैजाने अठोटकासाथ यसका सामग्रीहरुबाट कम्पनी र उपभोक्तावर्गबीच सेतुको काम गर्ने बिश्वास लिएका छौं। साथै यस न्युजलेटर मार्फत उपभोक्तावर्गबाट प्राप्त सुझाव एवं गुनासालाई हृदयङ्गम गरी सो को व्यवस्थापन गर्न यस कम्पनीका सबै तहका निकायहरुबाट उपयुक्त पहल गर्न अनुरोध गर्दछौं।

## एस एम एसबाट राहत सहयोग गरौं !

कोशी नदीको तटबन्ध भत्केर आएको बाढीबाट प्रभावित सर्वसाधारणलाई राहत सहयोग गर्न नेपाल टेलिकम र नेपाल विज्ञापन संघद्वारा संयुक्त रुपमा SMS Donation अभियान शुरु गरिएको छ।

प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरिने उक्त आर्थिक सहयोग नेपाल टेलिकमको पोष्टपेड तथा प्रिपेड मोबाइलबाट SMS गरी पठाउन सकिने छ।

१४१० मा SMS गर्दा निजको मोबाइलमा रहेको रकमबाट प्रति SMS, रु १०/ (कर सहित) र १४५० मा SMS गर्दा निजको मोबाइलमा रहेको रकमवाट रु ५०/ (कर सहित) घट्ने छ। प्राकृतिक विपत्तिमा परेका नागरिकहरुलाई मानवीय सहयोग गर्न अनुरोध गरिएको छ।

## आर्थिक विनियमावली संसोधन

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आर्थिक विनियमावली २०६१ दोस्रो संसोधन २०६५ सञ्चालक समितिको मिति २०६५/४/२९ निर्णय नं. १२३४ बाट पारित भई सोही मितिबाट लागू भएको छ।

सार्वजनिक खरिद ऐन २०६३ को व्यवस्थासँग मिल्ने गरी कम्पनीको प्रस्तुत विनियमावली संसोधन गरिएको छ।

## नेपाल टेलिकमको सेयर..........

१ पेजको बाँकी

बिक्री आव्हान गरेकोमा झण्डै ५३ लाख कित्ता सर्वसाधारणले खरिद गरेको, कम्पनीको वर्तमान तथा पूर्व कर्मचारीहरुमा वितरण गरिएको ७४ लाख कित्ता (कुल सेयर कित्ताको ५ प्रतिशत) तथा कम्पनीका संस्थापकहरुले लगानी गरेको १३ करोड ७२ लाख कित्तासमेत गरी जम्मा १५ करोड कित्ता सेयर वितरण भई स्टक एक्सचेन्जमा सूचिकरण भएको हो।

### नेपाल दूरसञ्चार कम्पनीको वित्तीय झलक :

| विवरण | २०६२ / ०६३ (लेखापरीक्षित) | २०६३ / ०६४ (लेखापरीक्षित) | २०६४ / ०६५ (अलेखापरीक्षित) |
|---|---|---|---|
| शेयर पूँजी कोष | २३.६८ अर्ब रुपैयाँ | २६.७९ अर्ब रुपैयाँ | ३३.२१ अर्ब रुपैयाँ |
| सम्पत्ति | ३९.५१ अर्ब रुपैयाँ | ४३.६६ अर्ब रुपैयाँ | ५२.५९ अर्ब रुपैयाँ |
| खुद मुनाफा | ४.९३ अर्ब रुपैयाँ | ५.६५ अर्ब रुपैयाँ | ८.१६ अर्ब रुपैयाँ |
| प्रति सेयर खुद मूल्य | १५७.९१ रुपैयाँ | १७८.६३ रुपैयाँ | २०७.०० रुपैयाँ |
| सेयर पूँजीमा प्रतिफल | २०.८४ प्रतिशत | २१.१० प्रतिशत | २४.५७ प्रतिशत |
| प्रतिसेयर आम्दानी | ३२.९१ प्रतिशत | ३७.६८ प्रतिशत | ५४.४२ प्रतिशत |

नेपाल टेलिकमले ग्राहकहरुलाई उपलब्ध गराइरहेका सेवा तथा सुविधाका बारेमा राम्ररी जानकारी गराउनु पर्दछ। Land line Telephone मा Limit Amount भएपछि जानकारी गराउने व्यवस्था हुनु पर्दछ। Line काट्नु अघि एक पटक जानकारी गराउनु उचित हुन्छ। हाल टेलिकमका सेवाहरु मध्ये मोबाईलको गुणस्तरमा पहिलेको तुलनामा सुधार भएपनि यसलाई अझ सुधार गर्नुपर्ने दखिन्छ। कर्मचारीहरुले गर्ने व्यवहारमा परिवर्तन भएको पाईन्छ तर यसलाई अझ ग्राहकमुखी बनाउनु पर्छ।

समग्रमा भन्नुपर्दा टेलिकमका सेवाहरु राम्रा हुँदै गएका छन्। अझ थप सुविधाहरु उपभोक्तालाई उपलब्ध गराउनु पर्दछ।
**सुनिल राणा,** चिफ एकाउन्टेण्ट, रोयल क्यासिनो।

१ पेजको बाँकी

## यस वर्ष टेलिफोन..........

यस्तैगरी ग्रामीण क्षेत्रका अति विकट गाविसहरुमा VSAT प्रविधिबाट कम्तिमा २/२ लाइन टेलिफोन सेवा पुऱ्याउने, Data Communication लाई आर्थिक विकासको पूर्वाधारको रुपमा विस्तार गर्ने, लक्ष्य निर्धारण गरिएको छ। त्यस्तैगरी सूचना महामार्गको अवधारणा अनुरुप देशभरी IP Back Bone को पूर्वाधार तयार गर्ने तथा ग्राहकलाई उपलब्ध हुनपर्ने सेवा सुविधाहरु प्रतिस्पर्धात्मक वातावरण सुहाउँदो व्यवस्था गर्ने लक्ष्य लिइएको छ।

१ पेजको बाँकी

## नेपाल टेलिकम : सबैभन्दा..........

(निर्माणाधीन समेत) आर्थिक वर्ष २०६२/६३ मा रु. ९९ अर्ब ४७ करोड रहेकोमा यसमा वृद्धि भएर आर्थिक वर्ष २०६३/६४ मा रु. ११० अर्ब ६१ करोड पुगेको छ। आर्थिक वर्ष २०६३/६४ मा मुख्यरुपमा नेपाल विद्युत् प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लि. ले क्रमश: रु. ६ अर्ब ५० करोड र रु. ५ अर्ब ५० करोड स्थिर सम्पत्ति बढाएको कारणले सार्वजनिक संस्थानहरुको समग्र स्थिर सम्पत्ति बढेको प्रतिवेदनमा उल्लेख छ।

## काठमाडौ खासा अप्टिकल आयोजना सम्पन्न

नेपाल टेलिकमले चीन सरकारको अनुदान सहयोगमा काठमाडौ देखि अरनिको राजमार्ग हुँदै तिब्बतको खासासम्म जोड्ने ११५ किलोमिटर लम्बाईको अप्टिकल फाइवर केवल विछ्याउने काम सम्पन्न गरेको छ।

दूरसञ्चार सेवालाई अझ गुणस्तरीय र प्रभावकारी बनाउने उद्देश्यले शुरु गरिएको उक्त आयोजना लक्ष्य अनुरुप गत असार मसान्तमा सम्पन्न भएको हो। नेपाल टेलिकम अप्टिकल नेटवर्क प्रोजेक्टका प्रबन्धक मधुसुदन कर्माचार्यका अनुसार काठमाडौको सुन्धारा देखि बबरमहल, कोटेश्वर, गठ्ठाघर, भक्तपुर, नलिनचोक, साँगा, बनेपा, धुलिखेल, तीन पिप्ले, लामीडाँडा दोलालघाट, वलेफी, लामोसाँघु, बाह्रविसे र तातोपानी हुदै मितेरी पुलसम्म केवुल बिछ्याउने, उपकरण जडान गर्नेलगायतका सम्पूर्ण भौतिक पूर्वाधारहरु तयार गर्ने काम सम्पन्न गरी हाल सेवा परीक्षणका क्रममा रहेको छ र छिट्टै नै सेवा सञ्चालनमा ल्याउने लक्ष्य रहेको छ।

यो नेटवर्क सञ्चालनमा आएपछि त्यस क्षेत्रका आधारभूत टेलिफोन सेवा, मोबाइल तथा डाटा सेवाको प्रभावकारिता बृद्धि हुनकासाथै राजधानी शहर काठमाडौसँगको सञ्चार सेवाको विश्वसनीयता र गुणस्तर पनि सुदृढ हुनेछ। यो नेटवर्कले दुई छिमेकि मुलुक भारत र चीनका दूरसञ्चार नेटवर्कलाई आबद्ध गर्न ट्रान्जिट नेटवर्कको काम गर्नेछ। सथै नेपाललाई विश्वका अन्य मुलुकहरुको दूरसञ्चार नेटवर्कसँग आवद्ध गर्न बैकल्पिक मार्ग प्राप्त हुनेछ।

यस्तैगरी नेपाल टेलिकमले पूर्वपश्चिम अप्टिकल राजमार्गको बाँकी खण्डमा अप्टिकल फाइवर केवुल बिछ्याउने कार्यक्रम अनुरुप कोहलपुर देखि धनगढीसम्म Ducting गर्ने काम सम्पन्न गरी केवुल तान्ने काम भाद्र महिनामा सम्पन्न गर्ने गरी काम भइरहेको छ। यसले कोहलपुर देखि धनगढीसम्मका मोबाइल स्टेसनहरुलाई फाइवर केवुलले आवद्ध गर्ने र सुदुरपश्चिमाञ्चलमा सेवाको गुणस्तर प्रबर्द्धन गर्न सहयोग गर्नेछ।

कात्तिक मसान्तसम्ममा अत्तरिया महेन्द्रनगर, भैरहवा लुम्बिनी, तौलिहवा बैदेहिया भई अप्टिकल फाइवर केवुल पूर्व पश्चिम राजमार्गको केवुलमा आवद्ध हुनेछ। त्यस्तैगरी वीरगञ्ज एक्सचेन्ज देखि सुख्खा वन्दरगाहसम्म, चन्द्रनिगाहपुरदेखि गौरसम्म र पूर्वमा बिर्तामोड देखि काँकडभिट्टासम्म अप्टिकल फाइवर केवुल बिछ्याएर कात्तिक मसान्त सम्ममा सम्पन्न गरी सेवा सञ्चालन गर्ने लक्ष्य रहेको छ।

## सार्वजनिक स्थानमा मोबाइल चार्जर जडान

नेपाल टेलिकमले मोबाइल टेलिफोन सेवाका उपभोक्ताहरुको सुविधाका लागि विभिन्न सार्वजनिक स्थानहरुमा मोबाइल चार्जिङ युनिट राख्ने कार्यलाई विस्तार गर्दै लगेको छ।

घरबाहिर हुँदा मोबाइल फोन सेटको ब्याट्री सकिएको अवस्थामा पनि ब्याट्री चार्ज गरेर सेवा उपभोग गर्न सुविधा पुगोस् भन्ने उद्देश्यले सार्वजनिक स्थानहरुमा यस्तो मोबाइल चार्जिङ युनिट राखिएको हो। नेपाल टेलिकमले हाल, नेपाल टेलिकम केन्द्रीय कार्यालय, वर्ल्ड ट्रेड सेन्टर, सूचना केन्द्र त्रिपुरेश्वर, भाटभटेनी सपिङ सेन्टर, क्यान्सर हस्पिटल भरतपुर, किङ्ग बर्गर दरबारमार्ग, सैनिक अस्पताल छाउनीमा मोबाइल चार्जर जडान गरेको छ। त्यसैगरी, हिमालय ब्यारेक




बाँकी ३ पेजमा


LAND LINE


GSM MOBILE

हाम्रा सेवाहरु


C-Phone


Sky Phone

# NTCWU को वार्षिकोत्सव सम्पन्न

नेपाल टेलिकम वर्कर्स यूनियन (आधिकारिक यूनियन) को १७ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमको आयोजना गरी गत श्रावण ६ गते सम्पन्न भयो ।

सो कार्यक्रममा नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव यूवराज पाण्डेले नेपाल टेलिकमका कार्य योजनाहरुमा मन्त्रालयले सहयोग गर्ने बताउनु भयो । उहाँले नेपाल टेलिकमका पूर्वाधारहरुको प्रयोगमा मन्त्रालयले सुझाव मात्र दिने र यस सम्बन्धमा निर्णय नेपाल टेलिकमले नै लिन सक्ने बताउनु भयो ।

सो अवसरमा अध्यक्ष श्री पाण्डेले वार्षिकोत्सवका अवसरमा रक्तदान गर्ने रक्तदाताहरु (७१ जना), अतिरिक्त क्रियाकलापमा विजयी र एस.एल.सि. परीक्षामा उत्कृष्ट नम्बर ल्याउने कर्मचारीका सन्तती (एक छात्रा तथा एक छात्र) लाई प्रमाणपत्र तथा पुरस्कार वितरण गर्नुभयो ।

कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक रुपक हाल्दरले नेपाल टेलिकमको उन्नतिमा सम्पूर्ण कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहेको र आगामी दिनमा पनि सबै कर्मचारीहरु एक जुट भई टेलिकमका योजनाहरुलाई सफल बनाउन योगदान गर्नुपर्ने बताउनु भयो ।

सो अवसरमा नेपाल ट्रेड यूनियन काग्रेस स्वतन्त्रका उपाध्यक्ष खिलनाथ दहाल, UNI Asia Pacific का संयोजक राजेन्द्र आचार्य, अन्तरसंस्थान कर्मचारी संघका अध्यक्ष शिशिर कुमार झा, नेपाल टेलिकम वर्कर्स यूनियनका सल्लाहकार महेन्द्र प्रसाद यादव, नेपाल टेलिकम वर्कर्स यूनियनका महा सचिव मनिल ओझा, नेपाल टेलिकम कर्मचारी संघका अध्यक्ष गोपाल ढकाल, नेपाल टेलिकम कर्मचारी यूनियनका अध्यक्ष सरोज ढुंगाना, नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल टेलिकम केन्द्रीय संगठन समितिका उपाध्यक्ष सुनिल मिश्र, नेपाल टेलिकम कम्पनी कर्मचारी परिषद्का अध्यक्ष राजाराम शर्मा, नेपाल टेलिकम वर्कर्स यूनियन काठमाडौं क्षेत्रीय समितिका अध्यक्ष बुद्धशरण नकर्मीलगायतले कर्मचारी यूनियनको भूमिका सम्बन्धमा प्रकाश पार्नुभएको थियो ।

सो कार्यक्रम नेपाल टेलिकम वर्कर्स यूनियनका अध्यक्ष शंकर लामिछानेको सभापतित्वमा भएको थियो । उहाँले नेपाल टेलिकम वर्कर्स यूनियनका आगामी कार्यक्रम बारे जानकारी दिंदै नेपाल टेलिकमका साझा सवालहरुमा सबै यूनियन र व्यवस्थापनबीच सहकार्यको विकास हुँदै गएको बताउनु भयो ।

# नेपालगञ्जमा Exchange up gradation

दूरसञ्चार कार्यालय नेपालगञ्जमा रहेको OCB283 Host Exchange लाई विस्थापन गरी यही २०६५आषाढ १८ गते देखि नयाँ Upgrade Version को Alcatel 1000 E10MM (HC3.4) Host Eaxchange सञ्चालन मा ल्याइएको छ । यस एक्सचेञ्जको स्थापनाले ट्रंकल क्षमतामा वृद्धि भै (SDH Interface समेत) अन्य स्थानहरुको एक्सचेञ्जमा थप Trunk Connection गर्न सकिने भएको छ । यस नयाँ एक्सचेञ्जवाट क्षेत्रीय निर्देशनालय नेपालगञ्ज अन्तर्गतका विभिन्न एक्सचेञ्जको लाइन क्षमतामा वृद्धि गर्न सकिनेछ । CLI Base Ruting तथा Transit Call (Black Listing) जस्ता नयाँ सुविधा भएकोले अनधिकृत कललाई अवरुद्ध गर्न पनि सम्भव भएको छ । साथै उक्त एक्सचेञ्जबाट अब टेलिफोन ग्राहकले आफ्नो लक कोड नम्बर स्वयंमले नै राख्न सक्नेछन्, साथै लक नम्बर परिवर्तन गर्न सक्ने सुविधासमेत उपलब्ध गराउन सकिने भएको छ ।

# टेलिकम सेवाको पहुँचमा वृद्धि

नेपाल टेलिकम, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय नेपालगञ्ज अन्तर्गत GSM तथा CDMA Mobile सेवा पुग्न बाँकी रहेका हुम्ला,मुगु र डोल्पा जिल्लामा पनि आर्थिक वर्ष २०६४/०६५ मा GSM/CDMA Mobile सेवा सञ्चालन भएको छ । यी दुर्गम जिल्लामा सफलताका साथ सेवा सञ्चालन भए पछि यस क्षेत्रका सम्पूर्ण १५ वटै जिल्लामा मोवाइल टेलिफोन सेवाको पहुँच पुगेको छ । यसबाट दुर्गम क्षेत्रमा सञ्चारको सुविधा पुगेको मात्र नभई राष्ट्र निर्माणमा समेत ठूलो टेवा पुग्न गएको महसुस गरिएको छ ।

# टे. टे. पदम बाहादुर बिष्टको निधन

ग्रामीण दूरसञ्चार कार्यक्रम अन्तर्गत V-SAT टेलिफोन जडान गर्ने कार्यमा क्षेत्रीय निर्देशनालय नेपालगञ्ज अन्तर्गत दूरसञ्चार कार्यालय सुर्खेतमा कार्यरत टे.टे. पदम बाहादुर बिष्टको डोल्पा जिल्लाको छार्का गा.वि.स.मा V-SAT टेलिफोन जडान गर्ने सिलसिलामा यही २०६५ असार ७ गते असामयिक निधन भएको छ । नेपाल टेलिकम स्व. बिष्टको निधनप्रति दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना सहित शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

# धनगढी क्षेत्रमा टेलिफोन बिस्तार

सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय धनगढीले निर्देशनालय अन्तर्गतका नौवटै जिल्लाहरुमा टेलिफोन सेवाको पहुँच वृद्धि गर्न GSM तथा CDMA टेलिफोन सेवाको बिस्तारमा तीव्रता दिएको छ ।

यस निर्देशनालयले गत आर्थिक वर्ष २०६४/०६५ मा ताररहीत CDMA प्रविधिका C-Phone र Sky Phone गरी ३८ हजार ३ सय ५५ लाइन टेलिफोन वितरण गरेको थियो । यस्तैगरी सो निर्देशनालयले उक्त अवधिमा GSM प्रविधिका ३६ हजार २ सय ९० लाइन टेलिफोन वितरण गरी सुदूरपश्चिमाञ्चलका दुर्गम जिल्लामासमेत टेलिफोन सेवाको पहुँचमा वृद्धि गरेको छ ।

क्षेत्रीय निर्देशनालय धनगढीले टेलिफोन लाइनको वितरणमा व्यापकता दिनका साथै GSM तथा CDMA प्रविधिका थप BTS हरु जडान र BTS हरु Upgrade समेत गरेर टेलिफोन सेवाको गुणस्तरलाई अझ सुधार गर्दै लगेको छ । यस अवधिमा सो निर्देशनालयले CDMA प्रविधिका १३ वटा BTS हरु जडान गर्नुका साथै १३ वटा BTS हरु Upgrade पनि गरेको छ । यस्तै गरी GSM प्रविधिका २० वटा BTS हरु पनि सो अवधिमा जडान गरिएको छ ।

# नेपाल टेलिकमका फोनमा विशेष सुविधाहरू



**इजीकल कार्ड (Easy Call Card) सेवा :** इजी कल कार्ड सेवा प्रयोग गरी नेपाल टेलिकमको कुनै पनि फोन (साधारण टेलिफोन, कार्डफोन, प्रिपेड तथा पोष्टपेड जि.एस.एम. मोबाइल, प्रिपेड सि.डि.एम.ए. सिफोन तथा स्काईफोन, भिस्याट फोन) बाट कुनै पनि बेला संसारको जुनसुकै ठाउँमा कल गर्न सकिन्छ ।

यो कार्डबाट जि.एस.एम र सि.डि.एम.ए मोबाइल सिष्टम बाहेक अरु सबै प्रकारका फोन सिष्टमबाट स्थानीय कल, एस.टी.डी र आई.एस.डी. कल गर्न सकिन्छ । जि.एस.एम. र सि.डि.एम.ए. मोबाइल सिष्टमका फोनबाट आई एस डी कल मात्र गर्न सकिन्छ । आई.एस.डी. कल गर्दा International Prefix 00 डायल गरी IDD call प्रति मिनेट रु. ५० मा, १४२५ अथवा १४४५ डायल गरी बजेटकल प्रति मिनेट रु. २५ मा र १४२४ डायल गरी १२ वटा राष्ट्रहरू (भारत, पाकिस्तान, मलेशिया, थाईल्याण्ड, सिंगापुर, हङ्कङ्ग, बङ्गलादेश, ताईवान, दक्षिण कोरिया, चीन, क्यानाडा र संयुक्त राज्य अमेरिका) मा प्रति मिनेट रु. ८/ मा कल गर्न सकिन्छ । इजीकल कार्डबाट फोन गर्दा प्रयोग गरिएको टेलिफोनमा बिल चढ्दैन । हाल रु. २००/ रु. ५००/ र रु. १०००/ दरका इजीकल कार्डहरु उपलब्ध छन् ।

**ए. एफ. एस. सेवा (Advanced FreePhone Service) :-** यो सेवा Toll Free वा FreePhone Service का नामले विश्वभर चिन्निछ । यो सेवा लिने ग्राहकले एउटा AFS नम्बर पाउछ र यो नम्बरमा फोन गर्दा, फोन गर्ने व्यक्तिको टेलिफोनमा बिल चढ्दैन । यो सेवा लिने ग्राहकले प्राप्त गरेका कलहरु (Received Calls) को लागि महसुल तिर्नुपर्छ । यो सेवा खासगरी Big Organizations, NGOs, INGOs, Business Houses, Departmental Stores, Media Houses, Banks, Social Organizations आदिका लागि बढी उपयोगी हुन्छ । कुनै एउटा संस्थाको देशभरी कै विभिन्न शाखाहरुका लागि एउटै नम्बर उपलब्ध हुने भएकाले सेवा लिने ग्राहकलाई र उपभोक्तालाई पनि सजिलो र सुलभ हुन्छ ।

**पी एस टी एन क्रेडिट लिमिट सेवा :-** यो एउटा प्रिपेड सेवा हो । ग्राहकहरुले तोकेको कुनै PSTN टेलिफोनमा क्रेडिट खाताको रुपमा निश्चित रकम अग्रिम जम्मा गरी सो टेलिफोन नम्बरबाट कुनै पनि स्थानीय, एस.टी.डी. तथा आइ.एस.डी. कल गर्न सकिन्छ । यसरी कल गर्दा जम्मा गरिएको क्रेडिट रकमबाट नेपाल टेलिकमको PSTN टेलिफोनको दर रेट अनुसार महसुल घट्दै जान्छ । यो सेवाका लागि ग्राहकले शुरुमा रजिष्ट्रेशन गर्दा कल मूल्य (Call Value) मा १० प्रतिशत छुट पाउने व्यवस्था गरिएको छ ।

**एच. सि. डी. (Home Country Direct) सेवा :** यो पनि प्रिपेड कलिङ कार्ड सेवा हो । यो कार्ड नेपालमा खरिद गरी विदेशबाट नेपालमा फोन गर्नका लागि प्रयोग गर्न सकिन्छ । यो कार्ड मार्फत विदेशबाट कल गर्दा नेपाली रुपियाँमा नै सेवा प्राप्त गर्नु यसको प्रमुख विशेषता हो । यो सेवाका लागि नेपाल टेलिकमसंग सम्झौता गरेका अपरेटर भएका देशहरुबाट मात्र यस प्रकारको कल गर्न सकिन्छ । हाल यो सेवा जापान, दक्षिण कोरिया, सिंगापुर थाइलैण्ड, यूके र यू.ए.ई.मा उपलब्ध छ । हाल यो सेवाका रु. २०००/, रु. १०००/ र रु. ५००/ दरका कार्डहरु उपलब्ध छन् । नेपालमा आफन्त मार्फत यो कार्ड किनी कार्ड नम्बर र पीन कोड फोन, ईमेल वा एस.एम.एस. माफर्त प्राप्त गरेर यो सेवा प्रयोग गर्न सकिन्छ । साथै लामो तथा छोटो विदेश भ्रमणमा जाने नेपालीहरुले उक्त कार्ड खरिद गरी आफुसँगै विदेश लगी सो सेवाको उपभोग गर्न सकिन्छ ।

**भि. एम. एस. सेवा (Voice Mail Box Service) :-** यो सेवा लिएपछि PSTN टेलिफोनमा कुनै पनि उपकरण नजोडी Answering Machine को जस्तै सेवाका साथै अरु थप सेवा पनि उपलब्ध हुन्छ । यो सेवा कम्पनीको कुनै पनि फोन (PSTN, GSM and CDMA Phone) बाट Access Code डायल गरेर प्रयोग गर्न सकिन्छ र यसमा फ्याक्स सेवा पनि उपलब्ध छ । यो सेवा लिने ग्राहकले आफ्नो अनुपस्थितिमा वा फोन व्यस्त हुँदा टेलिफोनमा आएका कलहरु Mailbox मा Divert गरी प्राप्त सन्देशहरु जुनसुकै फोनबाट अनुकुल समयमा सुन्न सकिन्छ । यो सेवा भएको साधारण फोनमा प्रत्यक्ष फोन नगरी सन्देश मात्र पनि छाड्न सकिन्छ । साथै निकट भविष्यमा यो सेवा अन्तर्गत Notice Board सेवा पनि उपलब्ध हुने भएको छ । यो सेवा प्रयोग गरी आफ्नो व्यावसायिक, व्यापारिक, सामाजिक, व्यक्तिगतका साथै आकस्मिक तथा आपत्कालिन सूचना वा सन्देशहरु अरुलाई सुनाई अत्यधिक लाभ उठाउन सकिन्छ । Notice Board सेवा व्यावसायिक, व्यापारिक र सामाजिक संस्थाहरुलाई अति उपयोगी हुन्छ ।

२ पेजको बाँकी

## सार्वजनिक स्थानमा.......

महावीर गण छाउनी, ब्लु क्रस हस्पिटल त्रिपुरेश्वर, र कान्तिपुर नर्सिङ होम सुविधानगरमा पनि यस्ता ब्याट्री चार्जर जडान गरिएको छ । यी मोबाइल चार्जर युनिटमा एक पटकमा विभिन्न प्रकारका ११ वटासम्म मोबाइल सेट चार्ज गर्न सकिन्छ ।



SKY DATA



E-mail / Internet

हाम्रा सेवाहरु



V-SAT



ADSL

# मैत्रिपूर्ण सम्बन्धका लागि सामाजिक सम्वाद

दूरसञ्चार सेवा प्रदायकहरु र सरोकारवाला संस्थाहरुबीच मैत्रिपूर्ण सम्बन्ध कायम गरी प्रभावकारी दूरसञ्चार सेवा उपलब्ध गराउने उद्देश्यले नेपाल टेलिकम वर्कर्स यूनियन र नेपाल दूरसञ्चार कर्मचारी संघले हालै काठमाडौमा एक छलफल कार्यक्रमको आयोजना गरे ।

विभिन्न सरोकारवाला संस्थाहरुको उपस्थिति रहेको सो कार्यक्रममा राष्ट्विय योजना आयोगका सदस्य महेश्वरमान श्रेष्ठले सेवाप्रदायक संस्थाहरु आपसमा समन्वयात्मक किसिमले अघि बढ्नुपर्ने र दूरसञ्चार सेवा भरपर्दो र सहुलियतपूर्ण हुनुपर्ने बताउनु भयो । सो कार्यक्रममा नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव यूवराज पाण्डेले सेवाप्रदायकहरुबीच, नियामक संस्था र सेवाप्रदायकहरुबीच, सेवाप्रदायक र युनीयन बीच, सेवाप्रदायक र उपभोक्ताहरुबीच आउने विवाद सामाजिक सम्वादका माध्यमबाट समाधान गर्नुपर्ने बताउनु भयो । उक्त कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष डा. दिनेश शर्माले सरोकारवाला संस्थाहरु बीचको आपसी सम्वादबाट मात्र यस क्षेत्रको विकासमा सघाऊ पुग्ने बताउनु भयो।

सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक रुपक हाल्दरले कतिपय सेवा प्रदायकहरु ग्रामीण क्षेत्रमा नगएकाले त्यसको दायित्व पनि नेपाल टेलिकमलाई थपिएकाले यस विषयमा सरकारले ध्यान पुऱ्याउनु पर्ने बताउनु भयो । उक्त कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल टेलिकमका व्यापार प्रबन्धक सुरेन्द्र थिकेले दूरसञ्चार सेवाको विस्तारबाट देशको आर्थिक सामाजिक, राजनीतिक विकास गर्न सहयोग पुग्ने भएकाले दूर्गम क्षेत्रमा र गरिबका लागि पनि दूरसञ्चार सेवा पुऱ्याउनु पर्ने बताउनु भयो ।

सो कार्यक्रममा नेपाल टेलिकम सञ्चालक समितिका सदस्य तथा सञ्चार मन्त्रालयका सहसचिव सुशील घिमिरे, सञ्चालक सदस्य कुमारजंग कार्की (कर्मचारी प्रतिनिधि) नेपाल टेलिकम वर्कर्स यूनियन (आधिकारिक ट्रेड यूनियन) का अध्यक्ष शंकर लामिछाने, नेपाल दूरसञ्चार कर्मचारी संघका अध्यक्ष गोपाल ढकाल, एसटिएम, स्पाइस नेपाल, यूएन आई, उपभोक्ता मञ्च, पेशागत महासंघ, आइएसपिएएनलगायत विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिहरुले दूरसञ्चार सेवाका क्षेत्रमा देखापरेका समस्याहरु र समाधानका उपायहरु बारेमा आ-आफ्ना विचार राख्नु भएको थियो ।

# भीओआईपी नियन्त्रण गर्न साझा धारणा बनाउनुपर्ने



बायाँबाट क्रमशः युवराज पाण्डे, डा. दिनेश शर्मा र रूपक हाल्दर

नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव युवराज पाण्डेले VOIP मार्फत भइरहेका अनधिकृत अन्तराष्ट्रिय कलहरुको नियन्त्रणका लागि सेवा प्रदायकहरु, दूरसञ्चार प्राधिकरण, अर्थ, गृह मन्त्रालयलगायत सबै सरोकारवालाहरुले आ-आफनो भूमिका प्रभावकारी बनाउन आवश्यकता रहेको बताउनु भएको छ । उहाँले सबै सरोकारवालाहरुलाई साझा धारणा वनाएर प्रभावकारी नियन्त्रणको प्रयास गर्न आग्रह गर्नु भयो ।

नेपाल टेलिकमद्धारा आयोजित भीओआईपी टेलिफोन सेवा: चुनौती र अवसर विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले उक्त कुरा बताउनु भएको हो ।

उक्त कार्यक्रममा दूरसञ्चार प्राधिकरणका अध्यक्ष डा. दिनेश शर्माले अनधिकृत कल नियन्त्रण गर्न संयुक्त रुपमा कार्यदल गठन गरी काम गर्नुपर्ने बताउँदै VOIP लाई कानुनी दायरामा ल्याउन प्रयास शुरु गरिएको बताउनु भयो ।

सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक रुपक हाल्दरले VOIP को प्रयोगबाट नेपाल टेलिकम र सरकारको राजश्वमा ठूलो क्षति पुग्नाका साथै ग्राहकहरुलेसमेत गुणस्तरीय सेवा पाउन नसकेकाले यसको नियन्त्रण आवश्यक रहेको बताउनु भयो ।

कार्यक्रममा नेपाल टेलिकमका व्यापार प्रबन्धक सुरेन्द्र थिकेले कार्यपत्र प्रस्तुत गर्दै VOIP को प्रयोगबाट राजश्व चुहावट गर्नेहरुलाई कारवाही गर्न थालेपछि चुहावटमा केही कमी आएको र VOIP नियन्त्रणका लागि सबै सरोकारवालाहरु एक भएर काम गर्न सके अर्थतन्त्रमा सकारात्मक असर पर्ने तथा उपभोक्ताहरुले गुणस्तरीय सेवा पाउने बताउनु भयो ।

कानुन व्यवसायीहरुले अनधिकृत कल सेवा उपलब्ध गराउनेहरुलाई कारवाही गर्न विद्यमान कानुनमा परिमार्जन गर्न आवश्यक रहेको बताउनु भयो । गृह मन्त्रालयका सहसचिव मोदराज डोटेलले अनधिकृत सेवा सञ्चालन गर्नेलाई कारवाही गर्ने प्रक्रिया, प्राविधिज्ञ तयार गरे कार्यान्वयनमा कमजोरी नहुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाल टेलिकमका नायब प्रबन्ध निर्देशकहरु रामेश्वर कर्माचार्य, कन्हैयालाल गुप्ता, पूर्वप्रबन्ध निर्देशक सुगतरत्न कंसाकार, पूर्व नायब प्रबन्ध निर्देशक हरि कर्माचार्य, सञ्चालक सदस्य कुमार जंग कार्की, नेपाल टेलिकमका कानुनी सल्लाहकार माधव वास्कोटा, नेपाल टेलिकम वर्कर्स युनियन (आधिकारिक) का अध्यक्ष शंकर लामिछाने, नेपाल दूरसञ्चार कर्मचारी संघका अध्यक्ष गोपाल ढकाल, आई एसपिए, स्पाइस नेपाल, युटिएल, एसटिएम, जिप्रका काठमाण्डौ, महांन्यायाधिवक्ताको कार्यालयका प्रतिनिधिहरु लगायतले अनधिकृत VOIP कलले राजश्व र टेलिफोनको गुणस्तरमा पारिरहेको असरका बारेमा चर्चा गर्दै नियन्त्रणका लागि सुझावहरु प्रस्तुत गर्नुभयो ।

सो कार्यक्रमको अध्यक्षता सूचना तथा सञ्चार मन्त्रालयका सचिव युवराज पाण्डेले गर्नुभएको थियो ।

# धरौटी र जडान खर्च परिमार्जन

आफ्ना ग्राहकहरुलाई यथासक्य सहुलियतपूर्ण रुपमा दूरसञ्चार सेवा उपलब्ध गराउने नीति अनुसार नेपाल टेलिकमले गत श्रावण एक गतेदेखि स्थानीय टेलिफोन धरौटी तथा जडान शुल्कमा परिमार्जन गरेको छ ।

नेपाल टेलिकमको सञ्चालक समितिको निर्णय अनुसार कम्पनीबाट बिक्री वितरण गरिदै आएको स्थानीय टेलिफोन सेवाको बिक्री वितरण, वितरण गर्न सकिने मौज्दात लाइन क्षमता तथा प्रतिस्पर्धात्मक अवस्थालाई दृष्टिगत गरी मिति २०६५ श्रावण एक गते देखि लागू हुनेगरी स्थानीय टेलिफोन धरौटी तथा जडान शुल्क परिमार्जन गरिएको हो ।

यस अनुसार पि.एस.टि.एन. लाइन जडान गर्दा लिईदै आएको धरौटी रुकम रु ५ हजारको सट्टा गत श्रावण एक गतेदेखि रु ३ हजार मात्र कायम गरिएको छ। त्यस्तै गरी नयाँ पी.एस.टि.एन. लाइन जडान गर्दा लिईदै आएको जडान खर्च रु एक हजार आठ सयबाट घटाई गत श्रावण एक गतेदेखि रु ९ सय मात्र कायम गरिएको छ ।

२०६५ असार मसान्तसम्म सञ्चालनमा रहेका टेलिफोन ग्राहकको धरौटी रकम रु ५ हजार मध्ये उपरोक्त बमोजिम रु ३ हजार कायम गरी बढी हुन आएको रकम रु २ हजार महसुल तथा आसामी बाँकीमा क्रमिक रुपमा ग्राहकको बिलबाट हिसाव मिलान गर्दै लाने निणर्य भएको छ ।

उपरोक्त बाहेक पि.एस.टि.एन. सेवामा हाल कायम अन्य धरौटी यथावत कायम राख्ने निर्णय भएको छ ।

# जोरपाटी र माइतिघरबाट पनि सेवा उपलब्ध

नेपाल टेलिकम काठमाडौ क्षेत्रीय निर्देशनालयद्वारा दूरसञ्चार कार्यालय चावहिल अन्तर्गतका ग्राहकको संख्यामा व्यापक वृद्धि भई सो कार्यालयमा कार्यबोझ बढ्न गएकाले आफ्ना ग्राहकहरुलाई छिटो छरितो रुपमा प्रभावकारी सेवा प्रदान गर्ने जोरपाटी एक्सचेन्ज भवनबाट पनि विभिन्न सेवाहरु सञ्चालन गरिने भएको छ ।

सो अनुसार यही भाद्र १ गतेदेखि जोरपाटी क्षेत्रका टेलिफोनको मर्मत कार्य जोरपाटी एक्सचेन्ज भवनबाट नै गर्न थालिएको छ । भविष्यमा त्यस क्षेत्रको टेलिफोन वितरण महसुल संकलनको कार्य पनि सोही कार्यलयबाट नै गर्ने कार्यक्रम रहेको छ ।

यस्तैगरी बानेश्वर, बबरमहल, थापाथली लगायत क्षेत्रका टेलिफोन सेवाका उपभोक्ताहरुलाई बढी सुविधा पुगोस् भन्ने उद्देश्यले काठमाडौको माइतीघरमा जेठ १ गते देखि महसुल काउण्टर सञ्चालन गरिएको छ। सो महसुल संकलन काउण्टरबाट त्यस क्षेत्रका ग्राहकहरुले अधिकतम सेवा लिइरहेको पाइएको छ । हाल सो केन्द्रबाट प्रिपेड मोबाइल सेवाको सिमकार्ड पनि वितरण गर्न शुरु गरिएको छ ।

# उपभोक्ता वर्गमा अनुरोध

नेपाल टेलिकमले वितरण गरिरहेका विभिन्न किसिमका दूरसञ्चार सेवाका टेलिफोन केवुल अप्टिकल फाइवर केवुल जस्ता भौतिक पूर्वाधारहरु चोरी गर्ने, काटेर क्षति पुऱ्याई सूचना तथा सञ्चार सेवा निर्वाध रुपमा उपभोग गर्न पाउने सर्वसाधारण जनताको मौलिक हकमा नै आघात पुऱ्याउने काम भइरहेको छ । यस किसिमका अपराधिक तथा असामाजिक क्रियाकलाप नियन्त्रण गर्ने कार्यमा नेपाल टेलिकम तथा नेपाल सरकारका सम्बन्धित निकायहरु सक्रिय रहेका छन । यति गर्दा गर्दै पनि नेपाल टेलिकमद्धारा वितरित दूरसञ्चार सेवाका केवुलहरु काटेर क्षति पुऱ्याई हजारौं सेवाग्राहीका टेलिफोन लाइनमा सेवामा अवरोध पुऱ्याउने काम भइरहेको पाइएको छ । यस किसिमको अपराधिक क्रियाकलाप पूर्ण रुपमा नियन्त्रण गर्ने कार्यमा सहयोग गर्ने नेपाल टेलिकम, उपभोक्ता वर्ग, नागरिक समाज, बुद्धिजिवी सबैमा हार्दिक अनुरोध गर्दछ। आफ्ना क्षेत्रमा नेपाल टेलिकमका कुनै पनि किसिमका उपकरण, केवुल तथा भौतिक पूर्वाधारहरुमा क्षति पुऱ्याउने, काट्ने तथा चोरी गर्ने कार्य भएको वा हुनसक्ने आशंका भएमा यथाशीघ्र नजिकको नेपाल टेलिकम वा प्रहरी कार्यालयमा जानकारी दिनहुन हार्दिक अनुरोध छ ।


नेपाल टेलिकम, व्यापार, व्यवस्थापन, विभाग
सूचना तथा प्रकाशन शाखा,
दूरसञ्चार भवन, भद्रकाली प्लाजा
फोन नं : ४ २१० ०२४, ४ २१० ०४२
फ्याक्स नं : ४ २१० ००४
email : ntc.news@ntc.net.np



यस न्यूज लेटरलाई थप प्रभावकारी बनाउन यहाँको सुझाव तथा प्रतिक्रियाको अपेक्षा गरिएको छ ।
सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, व्या.व्य.वि., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
E-mail: ntc.news@ntc.net.np, फोन: ४२१००२४/०४२, फ्याक्स: ४२१०००४, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: BMD, Information & Publication Section, Advisor: Amar Nath Singh, Co-ordinator S.P. Thike, Editor: Laxman Adhikari, Editorial Team: Nilakantha Tiwari, Bholanath Dahal, Umesh Dahal